प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०९/१३

(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७०%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २५८८४०(१००%) | १४१६०७(१००%) |
| निको भएको | २५०५८१(९६.८%) | १३६८७३(९६.६५%) |
| उपचाररत | ६४२७(२.४८%) | ३८२६(२.७०%) |
| मृत्यु भएको | १८३२(०.७०%) | ९०८(०.६४%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०९/१३

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०९/१३

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्या:

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छ:

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ८५ | २२ | १०७ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | २१ | ० | २१ |

## ❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाडौं | २ | २ पुरुष |
| धादिंग | २ | १ महिला र १ पुरुष |
| जम्मा — ४ | | |

## ❖ निधनको विवरण निम्न बमोजिम रहेको छः

- काठमाडौंका ८५ वर्षिय पुरुष कोभिड, मुटुमा समम्या र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर १९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर २७ गते निधन भएको छ । उहाँको मंशिर २६ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई उच्चरक्त चाप र मृगौला रोगको समेत समस्या थियो।काठमाडौंका ८४ वर्षिय पुरुष कोभिड र निमोनियाको कारणले मंशिर ११ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १२ गते निधन भएको छ । उहाँको मंशिर १२ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई ब्रेन सम्बन्धि रोगको समेत समस्या थियो। धादिंगकी ६० वर्षिया महिला कोभिड, मुटुमा समम्या र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर १२ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर २३ गते निधन भएको छ । उहाँको मंशिर १५ गते कोभिड-२९ पुष्टि भएको थियो।धादिंगका ८३ वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर २० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंगसिर २२ गते निधन भएको छ । उहाँको मंशिर २२ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई उच्चरक्त चाप र दम रोगको समेत समस्या थियो। उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २२१ जना बसिरहनुभएको छ भने ६९९ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७०७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २५६८ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १२२५ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १०५१८२८ जनाको पिसिआर परिक्षण गरिएको छ ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | संस्थागत आइसोलेशनमा बसेका | कै |
|---|---|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | | |
| काठमाण्डौ | ५८२१८३ | ९६४५६ | २०७ | २१७४ | |
| ललितपुर | २६२७०९ | १५१६६ | ४९ | २०८ | |
| भक्तपुर | २३७०९ | ८७७९ | २२ | ७५ | |
| रसुवा | ३३९० | २१२ | | ० | |
| नुवाकोट | ९८०२ | १४२५ | २ | ० | |
| धादिङ | ६३५२ | १६८० | | १ | |
| चितवन | ६४२२२ | ७३२९ | १९ | २३ | |
| सिन्धुली | ४१८२ | ५६५ | ३ | २ | |
| मकवानपुर | ३४०२८ | ४३०८ | ११ | २ | |
| रामेछाप | ३०१० | ५३९ | | १२ | |
| दोलखा | ३३०२ | ७२४ | ६ | २३ | |
| काभ्रेपलान्चोक | ४८२७८ | ३४५४ | २२ | ४६ | |
| सिन्धुपाल्चोक | ६६६१ | ९७० | २ | २ | |
| जम्मा | १०५१८२८ | १४१६०७ | ३४३ | २५६८ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३३९३२ | ३२ | ३२ | मकवानपुर- ९ | २३ | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १६९८४ | ४८ | ५६ | काभ्रेपलान्चोक -९<br>भक्तपुर - १<br>दोलखा - ५ | ४१ | |
| त्रिशुली, नुवाकोट प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३४८५ | ३५ | ३५ | रसुवा - १<br>नुवाकोट - १<br>धादिंग - ५<br>फलोअप- ४ | २४ | |
| भक्तपुरको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ११२० | २६ | २३ | भक्तपुर - २<br>फलोअप- १ | २३ | |

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p३.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid१९.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid१९.ndrrma.gov.np/
-कोभिड-१९ संकट ब्यवस्थापन केन्द्रः ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-१९-situation-updates
-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**
**धन्यवाद !**

प्रवक्ता
डा. पुरुषोत्तम राज सेढाई